# श्री सर्वोच्च अदालतमा दायर गरेको

## सारसंक्षेपीकरण

**बिषयः नेपालको संविधानको धारा ४६ तथा १३३(२)(३) बमोजिम उत्प्रेषण,परमादेश, लगायतको जो चाहिने उपयुक्त आज्ञा, आदेश पूर्जी जारी गरी पाऊँ।**

| | |
|---|---|
| जिल्ला गोर्खा खोप्लाङ गा.वि.स.वडा नं.६ को परिवर्तित पालुङटार न.पा.वडा नं.१ घर भई हाल गण्डकी प्रदेश सभा सदस्य एंव सो सभाका नेपाली कांग्रेस संसदीय दलका नेता वर्ष ५९ का सुरेन्द्र राज पाण्डे को वारेस कास्की जिल्ला, साबिक लामाचौर गा.वि.स. वडा नं.४ परिवर्तित लामाचौर म.न.पा. वडा नं.१९ घर भई हाल का.जि.का.म.न.पा.वडा नं.२९ बस्ने सम्झना के.सी......................................................................१ | रिट निवेदक पक्ष |

**बिरुद्ध**

| | |
|---|---|
| माननीय प्रदेश प्रमुख डिल्लीराज भट्ट, प्रदेश प्रमुखको कार्यालय, पोखरा गण्डकी प्रदेश समेत जना......................................................................४ | बिपक्षी प्रत्यर्थी |

**मुद्दाः उत्प्रेषणयुक्त परामदेश समेत।**

मस्यौदाकार: अधिवक्ता सम्झना के.सी.

प्र.प.नं. १८५१४

म निवेदक निम्नानुसारको सारसंक्षेपीकरण को व्यहोरा प्रस्तुत गर्दछु।

१. विवादको संक्षिप्त बिषयः गण्डकी प्रदेश सभाका बहुमत सदस्यहरुको समर्थनमा गत २०८० बैशाख १५ गते देखि निवेदक म गण्डकी प्रदेश सरकारको मूख्यमन्त्री पदमा सेवारत छु। म आफुलाई समर्थन गर्ने राजनीतिक दल, नेकपा माओवादी केन्द्रले गत मिति २०८० फागुन २३ मा समर्थन फिर्ता लिएकाले मेरो सरकार अल्पमतमा परेको अवस्था हो। म आफु अल्पमतमा परिसकेपछि विपक्षी प्रदेश प्रमुख समक्ष गत मिति २०८०।१२।२१ मा बहुमतको सरकार गठनकालागि मार्ग प्रशस्त गर्न पदबाट राजिनामा पेश गरेको हुँ। म आफुले राजिनामा गरेपश्चात विपक्षी प्रदेश प्रमुखले नेपालको संविधानको धारा १६८ (२) बमोजिम दुई वा दुई भन्दा बढि दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई मुख्यमन्त्री नियुक्तीका लागि मिति २०८०।१२।२७ गते अपरान्ह ३:०० बजे सम्मको समय दिईएको अवस्था हो। यही अबधीमा गोरखा जिल्ला क्षेत्र नं. १(१) बाट गण्डकी प्रदेश सभा सदस्यका लागी नेकपा माओवादी केन्द्रबाट

निर्वाचित भई, हाल गण्डकी प्रदेश सभाका सभामुख कृष्ण प्रसाद धितालले म आफुलाई जानकारी छैन, मैले मुख्यमन्त्री गठनमा समर्थन गर्न मिल्दैन भन्दाभन्दै निजलाई समेत गणना गरी म आफुलाई नेपालको संविधानको धारा १६८(३) बमोजिमको मुख्यमन्त्रीमा पुनर्नियुक्ति हुन पाउने संबैधानिक हक वा मार्गमा अनुचित बन्देज लगाउने गरी बहुमत पुग्दै नपुगेको अवस्थालाई विपक्षी खगराज अधिकारीको पक्षमा बहुमत रहेको बाहाना परिपन्च मिलाई मिति २०८०।१२।२५ को ३:३० बजेको समयमा गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री पदमा निज अधिकारीलाई नियुक्ति गरिएको भनिएको प्रक्रिया आफैमा अन्यत गैर संबैधानिक भएकाले र संबिधानतः म आफु अर्को ब्यवस्था नहुन्जेलसम्मको लागी सो प्रदेशको मुख्यमन्त्री रहीरहेको र अन्यले बहुमतको दलिय समर्थन जुटाउन नसक्ने अवस्थामा उक्त धारा १६८(३) बमोजिम मुख्यमन्त्रीमा पुनः नियुक्त हुन पाउने हक समेत म आफुलाई नै हुँदा विपक्षी सभामुखको पदिय मर्यादालाई दलियकरण गरी कब्जाको छनक दिने गरी भए गरिएका निर्णयहरु असंबैधानिक, गैरकानूनी तथा अधिकारक्षेत्र बिहिन भएको हुँदा सो निर्णय र सो निर्णयका आधारमा भए गरिएका सम्पूर्ण काम कारबाहीहरु बदर गरी म निवेदकलाई साविक बमोजिम नै मुख्यमन्त्रीको हैसियतमा कामकाज गर्न दिनु दिलाउनु भनी सम्मानित सर्वोच्च अदालतमा प्रस्तुत रिट निवेदन गर्न आएको छु।

क. सम्बद्दत संवैधानिक र कानुनी प्रश्नहरुः

नेपालको संविधानको धारा ४६, ४७, १३३(२)(३), १६६, १६८, १८६, सर्वोच्चबाट स्थापित नजिर रिट नं.०८०-WF-०००१, ०८०-WF-००१२, ने.का.प. २०६४ नि.नं.८७८२ समेत

ख. माग गरिएको उपचारः विपक्षीहरुले आफुलाई हकै नपुग्ने बिषयमा अधिकार क्षेत्रात्मक त्रुटि गरी कार्य गर्नुभएको, अधिकारको प्रयोग गर्दा प्रबृत भावना लिई गलत ढंगले प्रयोग गरेको निजहरुको बदनियत र स्वेच्छाचारीताका कारणले निवेदक मेरा उपर भेदभाव/अन्याय हुन पुगेको, विपक्षीहरुका प्रत्येक काम कारवाहीहरु छलकपटपूर्ण भएको, मुलुकको संबिधान कानून र स्थापित नजिर परम्परा विपरित देखिएकोले बिपक्षी खगराज अधिकारीलाई मुख्य मन्त्रीको जिम्मेवारीमा रही कामकाज गर्न रोकी म निवेदकलाई नै उक्त प्रदेशको मुख्य मन्त्री पदमा निरन्तरताका लागी अन्तरिम आदेश सहितको उत्प्रेषणयुक्त परमादेश समेतको आदेश जारी गरी पाऊँ।

२. यसमा लेखिएको व्यहोरा ठिक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**निवेदक**

निज सुरेन्द्र राज पाण्डे को वा. सम्झना के.सी.

ईति सम्वत् २०८० साल चैत्र महिना २७ गते रोज ३ शुभम्.........................................................